मर्स्याङ्दी गाउँपालिकाको आधिकारीक मासिक प्रकाशन

# मर्स्याङ्दी बुलेटीन

"समृद्ध, आधुनिक, हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधारः कला, संस्कृतिको संरक्षण, कृषि, पर्यटन, उर्जा र पूर्वाधार"

वर्षः ३ | अङ्क : १६ | मिति : २०८१ भाद्र १० गते , सोमबार

**संरक्षक :** अर्जुन गुरुङ, अध्यक्ष | **सल्लाहकार :** अर्जुन चपाई, प्र.प्र.अ | **प्रकाशक :** मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति



**मर्स्याङ्दी करिडोर**

## मर्स्याङ्दी करिडोरमा रहेका १४ स्थानिय तहहरुको अन्तरपालिका समन्वय तथा साझेदारी बैठक मर्स्याङ्दी गाउँपालिकामा सम्पन्न ॥




**२०८१ साउन १५ गते, रक गार्डन होम स्टे, मर्स्याङ्दी-०५**

मर्स्याङ्दी गाउँपालिका भुलभुले, लमजुङको आयोजनामा **"मर्स्याङ्दी करिडोरका स्थानीय तहहरुको समन्वय बैठक"** मर्स्याङ्दी गाउँपालिका ५, घेर्मु खानीगाउँको रकगार्डेनमा मंगलबार बसेको बैठक अन्तरपालिका समन्वय समितिका संयोजक एवं भानु नगरपालिका तनहुँका नगरप्रमुख आनन्दराज त्रिपाठीको अध्यक्षता भएको थियो । उक्त समितिमा लमजुङको बेसीशहर नगरपालिका, सुन्दरबजार नगरपालिका, राइनास नगर पालिका, मर्स्याङ्दी गाउँपालिका, दोर्दी गाउँपालिका, तनहुँको भानु नगरपालिका, बन्दीपुर गाउँपालिका, आँबुखैरेनी गाउँपालिका, गोरखाको पालुङटार नगर पालिका, गोरखा नगरपालिका,शहिद लखन गाउँपालिका, मनाङको नार्सों गाउँपालिका, चामे गाउँपालिका र मनाङ डिस्याङ गाउँपालिका गरी १४ वटा स्थानीय तह रहेका छन् । स्थानीय तहहरुको दिगो र सन्तुलित विकासका लागि आर्थिक, सामाजिक, सांस्कृतिक शैक्षिक तथा भौगोलिक विकासका दृष्टिकोणले विद्यमान सम्भावना र चुनौतिको सामुहिक अभ्यास गरी नतिजा हासिल गर्ने उद्देश्यले यस समिति गठन भएको थियो। उक्त वैठकमा सुन्दबजार नगरपालिका प्रमुख कोइरालाको संयोजकत्व, मर्स्याङ्दी गाउँपालिका अध्यक्ष अर्जुन गुरुङ, सुन्दरबजार नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत र भानु नगर पालिकाका शिक्षा शाखा प्रमुखको सदस्यतामा बनेको शिक्षा समितिद्वारा करिडोर अन्तर्गत रहेको स्थानीय तहहरुको वर्तमान शिक्षाको अवस्था, चुनौति, समस्या, भावी कार्यदिशा लगायतको विषयलाई समेटेर तयार गरिएको कार्यपत्र उपर छलफल गरि सुझाव सहित पारित गरिएको थियो । मर्स्याङ्दी गाउँपालिकाको व्य( वस्थापनमा आयोजना गरिएको उक्त बैठकले जतिसक्दो छिटो सुन्दरबार नगरपालिकामा विज्ञसहितको बृहत शैक्षिक गोष्ठि सञ्चालन गर्ने र मर्स्याङ्दी नदी करिडोर का साझा विकासको अवधारणाको विषयमा अवगत गराउन गण्डकी प्रदेशका मुख्यमन्त्री, नेपाल सरकारका प्रधानमन्त्री र केही महत्वपुर्ण मन्त्रालयका मन्त्रीहरुलाई भेट्ने र करिडोर अन्तर्गतका साझा विकासको विषयमा छलफल गर्ने कार्यक्रम तय गरि अगाडि बढ्ने निर्णय समेत गरेको मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङले बताउनुभयो ।

# मर्स्याङ्दी बुलेटीन

वर्षः ३ | अङ्क : १६ | मिति : २०८१ भाद्र १० गते , सोमबार

संरक्षक : अर्जुन गुरुङ, अध्यक्ष | सल्लाहकार : अर्जुन चपाई, प्र.प्र.अ | प्रकाशक : मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति




## मर्स्याङ्दी गाउँपालिकाको शाखागत वार्षिक समिक्षा र योजना तर्जुमा कार्यक्रम सम्पन्न ॥॥

मर्स्याङ्दी गाउँपालिकाको आर्थिक वर्ष २०८०-८१ को समिक्षा बैठक सम्पन्न भएको छ । मिति २०८१ श्रावन ७ गतेको दिन संचालित उक्त कार्यक्रममा यस मर्स्याङ्दी गाउँपालिका अन्तर्गत रहेका सम्पुर्ण शाखा, वडा कार्यालयहरु र स्वास्थ्य चौकीहरुको प्रमुखहरुले आ.व. २०८०-८१ मा सम्पादित मुख्य कार्यहरु जस्तै सेवा प्रवाह, जन गुनासो व्यवस्थापन, स्वास्थ्य सुधार कार्यक्रम, योजना सम्पादन तथा मुल्याङ्कन, शिक्षा क्षेत्रमा गरिएको प्रयास, राजश्व संकलन, अन्तर शाखा समन्वय लगायत अन्य विभिन्न कार्यहरुको विषयमा तुलानात्मक विवरणहरु पेश गर्नं भएको थियो । मर्स्याङ्दी गाउँपालिकाको अध्यक्ष श्री अर्जुन गुरुङ ज्यूको अध्यक्षतामा संचालन गरिएको उक्त कार्यक्रममा मर्स्याङ्दी गाउँपालिका उपाध्यक्ष श्री जुना माया थापा, वडा अध्यक्षहरु, कार्यपालिका सदस्य, वडा सदस्यहरु, मर्स्याङ्दी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत, शाखागत कर्मचारीहरु, स्वास्थ्य चौकी प्रमुखहरु, वडा सचिवहरु, यस मर्स्याङ्दी गाउँपालिका अन्तर्गत रहेका विभिन्न संञ्जालहरुका प्रति( निधिहरुको उपस्थिति रहेको थियो ।

समिक्षा कार्यक्रम सम्पन्न भएको केही दिन पछी मिति २०८१ श्रावन ११ गते पूर्ण यस मर्स्याङ्दी गाउँपालिकाको अध्यक्ष श्री अर्जुन गुरुङ ज्यूको अध्यक्षतामा आयोजित शाखागत योजना तर्जमा गोष्ठी पनि यस मर्स्याङ्दी गाउँपालिकाको जनप्रतिनिधि र शाखागत कर्मचारीहरुको उपस्थितिमा सम्पन्न भएको थियो । सो कार्यक्रममा शाखागत प्रमुखहरुले आर्थिक वर्ष २०८१/८२ मा सम्पादन गर्ने मुख्य मुख्य कार्यहरु जस्तै कृषि तथा पशु छेत्रमा ठाउँ तथा भूगोल अनुसारको खेतीपाती तथा पशुपंछी पालन लगायत यस पालिकामा प्रवल रुपमा हुन सक्ने खेतीहरुको विकास, स्वास्थ्य छेत्रमा निरन्तर सुधारको लागि प्रस्तावित कार्यक्रमहरुको विषयमा प्रस्तुति दिनु भएको थियो ।













मर्स्याङ्दी बुलेटीन

वर्षः ३ | अङ्क : १६ | मिति : २०८१ भाद्र १० गते , सोमबार

संरक्षक : अर्जुन गुरुङ, अध्यक्ष | सल्लाहकार : अर्जुन चपाई, प्र.प्र.अ | प्रकाशक : मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## कृषि

### आ.व. २०८१-८२ को कृषि विकास शाखा र पशु सेवा शाखाको वार्षिक कार्यक्रम निर्माण सम्पन्न ।।।

मर्स्याङ्दी गाउँपालिका कृषि विकास शाखा र पशु सेवा शाखाले चालु आ.व. २०८१/८२ को वडागत कृषि विकास र बजेटको बाँडफाँड गर्न सम्बन्धित वडाका जनप्रतिनिधि, कृषक संजाल प्रतिनिधि तथा सदस्यहरु, टोल संयोजक तथा अगुवा





कृषकहरुसँग सहभागितात्मक छलफल गरी मर्स्याङ्दी गाउँपालिका वडा न.१ देखि ९ सम्मका गत वर्षको प्रगति, समस्या तथा यस वर्षको निति तथा कार्यक्रम बारे छलफल गरी कार्यक्रम टुङ्गो लगाइयो ।


### " कृषकको समस्या पहिचान, कृषि प्राविधिकद्वारा स्थलगत समाधान "



मर्स्याङ्दी गाउँपालिका कृषि विकास शाखाले कृषकको समस्या फोनबाट बुझिलिने र सम्बन्धित कृषकको बालीको स्थलगत अनुगमन र समस्याको पहिचान र पुष्टिपश्चात उचित परामर्ष दिने कार्यको थालनी गरेको छ । यस अन्तर्गत थापा कृषि फर्म, मर्स्याङ्दी गा.पा. ४, र ाभबजारमा खुर्सानीमा भाइरस, केरामा घुन, कागतीमा कोत्रे रोग, आँपमा फल नलाग्ने समस्या, इत्यादिको पहिचान गरी प्राविधिक परामर्ष दिइको छ । त्यस्तै प्रधानमन्त्री कृषि आधुनिकिकरण लमजुङ र कृषि ज्ञान केन्द्र लमजुङको समन्वयमा मर्स्याङ्दी गा.पा.९ भलममा धानमा स्थलगत अनुगमन गरी गबारो, फँद कुहिने रोग र पोटासको कमीको लक्षण पुष्टि गरी उचित परामर्ष दिइयो। साथै मर्स्याङ्दी गा.पा. ९ सिरुबारीका अग्रज कृषक श्री डिल्लीराम पाण्डे (वर्ष ८६) को मा गएर उनको फर्म अवलोकन गरी मौरी पालन, केरा, अलैंचीका समस्या समाधान गर्न प्राविधिक सेवा प्रदान गरि यो।कृषि विकास शाखाका कर्मचारी आएर आफ्नो फार्म अवलोकन गरेर परामर्ष दिंदा आफू हर्षित रहेको कृषक पाण्डे बताउनुहुन्छ ।











## शिक्षा

बेशिसहर -७, होटल बरान्डा, मनाङे चौतारा

आदर्शवादि, सुधारक एवम् निस्कपट, श्रमजीवी हरूको सपना, परम्परागत, सामाजिक, धार्मिक, आर्थिक व्यपारिक मान्यताका बिरूद्ध उधार राष्ट्रिय दृष्टि अगाल्न गरिएको आग्रह, समाज सुधार गर्ने हेतुका साथ तयार पारिएको एक चिहान नाटकको मुल भावः-"हुँदा खाने र हुने खाने "हरूको असमनता बिचको व्यवहारिक ऋान्ति लगायत अन्य समाजमा घटेका व्यवहारिक पक्षलाई समेटको छ ।
सो बिषयले समाजमा पक्कै रूपान्तरण गर्न सक्छ भन्ने हेतुले माध्यामिक कक्षामा अध्यनरत करिब २२९ जना विद्यार्थी र शिक्षकहरुद्वारा अवलोक गरियो ।








## पशु विकास

### नियमित रुपमा पशु उपचार तथा परामर्श सेवा दिँदै पशु सेवा शाखा

मर्स्याङ्दी गाउँपालिका पशु सेवा शाखा खुदि बाट हुने नियमित पशु उपचार सेवा तर्फ यस आ.व. २०८१/८२ को श्रावन महिनामा १६३ जना कृषकहरुको गाई/भैसीं ५०, भेडा/बाख्रा २१५, कुखुरा ११६, कुकुर ४, वङ्गुर १० गरी जम्मा ३९५ सङ्ख्यामा पशुहरुको समान्य उपचार तथा ३ वटा गोरु तथा बोकाहरको बन्ध्याकरण भएको छ । प्रयोगशाला सेवा तर्फ ७२ वटा गोबर जाचँ गरी पशु वस्तुको उपचार गरिएको छ साथै भ्याक्सिनेशन सेवा अन्तर्गत १ वटा बिरालोलाई रेबिज भ्याक्सिन लगाईएको छ। त्यसैगरी पशु सेवा शाखामा बिरामी भएका पशुबस्तुहरु ल्याउन सम्भब नभएको ठाउँहरुमा पशु सेवा शाखाका कर्मचारीहरु घरदैलोमा पुगी व्याउन नसकेका गाईभैसीं तथा बाख्राको डेलिभरी तथा व्याएर भण्डालो फर्केका गाईभैसी तथा बाख्राको उपचार तथा परामर्श सेवा उपलब्ध गराउदै ।









मर्स्याङ्दी बुलेटीन

वर्षः ३ | अङ्क : १६ | मिति : २०८१ भाद्र १० गते , सोमबार

संरक्षक : अर्जुन गुरुङ, अध्यक्ष | सल्लाहकार : अर्जुन चपाई, प्र.प्र.अ | प्रकाशक : मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

# "पर्यटन प्रवर्द्धन तथा विकासका निम्ति चौथो हामखोला वाटरफल फेस्टिबल"

**मर्स्याङ्दी गाउँपालिका- ८, भुलभुले**

मर्स्याङ्दी गाउँपालिका- ८ भुलभुलेमा रहेको हामखोला झरनामा दुई दिने '**हामखोला झरना वाटरफल महोत्सव**' आकर्षक एवम् भव्य रुपमा यहाँ सम्पन्न भएको छ । भदौ ७ र ८ गते दुई दिनसम्म चलेको महोत्सवले उद्देश्य अनुसारको लक्ष्य हासिल गर्न सकेको आयोजक मर्स्याङ्दी गाउँपालिकाले जनाएको छ । सदरमुकाम बेसीशहरबाट उत्तरतर्फ पर्ने मर्स्याङ्दी गाउँपालिकाको हामखोला झरनामा चौथोपटक वाटरफल फेस्टिभल आयोजना गरिएको हो । गर्मी मौसममा आयोजित सो महोत्सवमा छङछङ झरेको झरनामा रमाउँदै, सेल्फी र साँस्कृतिक कार्यक्रमको साथमा थुवायुवती निकै रमाएका थिए । महोत्सवमा गाउँपालिकाभित्रका आमा समूह, युवायुवती र विद्यार्थीहरूले छुट्टछुट्टै सांस्कृतिक प्रस्तुति दिएका थिए । सो महोत्सवको पहिलो दिनमा मर्स्याङ्दी गाउँपालिकाका विभिन्न विद्यालयहरु, आमा समुहहरुको र लोकप्रिय स्थानीय कलाकार प्रितम गुरुङ र खुस्बु गुरुङको बेजोड प्रस्तुति रहेको थियो । यसैगरी, दोस्रो दिनमा पालिकाभित्र रहेका विभिन्न होम स्टे समुहहरूको नृत्य, स्थानीय कलाकारहरुको नृत्य प्रस्तुतिका साथै प्रतिकुल मौसमको बावजुत प्रलय ब्याण्डले आफ्नो सांगीतिक प्रस्तुति गरेको थियो ।








संविधानसभाका सदस्य जमिन्द्रमान घलेद्वारा उदघाटन भएको सो महोत्सवमा उहाँले यो महोत्सवले मर्स्याङ्दी गाउँपालिकासँगै सिंगो जिल्लाको पर्यटन प्रवर्धनमा सघाउ पुर्याउने आशा लिएको बताउनु भएको थियो भने गाउँपालिका अध्यक्ष अर्जुन गुरुङले हामखोला झरनाको दीर्घकालीन प्रचारप्रसारको आवश्यक रहेको बताउनुभयो । 'हामीले सडक बाटोदेखि झरनासम्म पुग्ने बाटो, रेलिङलगायत पुर्वाधार तयार पारेका छौं । भौतिक संरचना निर्माणसंगै पर्यटकको आकर्षण बढेको छ' उहाँले थप्नु भयो । हिउँदमा सानो हुने झरना बर्खायामसंगै बढ्ने र गर्मीको समयमा झरनामा रमाउँदै सेल्फी लिने, भिडियो बनाउने र रमाउन आउनेको भीड बढ्को अध्यक्ष गुरुङले बताउनुभयो ।

# मर्स्याङ्दी बुलेटीन

वर्ष: ३ | अङ्क : १६ | मिति : २०८१ भाद्र १० गते , सोमबार

संरक्षक : अर्जुन गुरुङ, अध्यक्ष | सल्लाहकार : अर्जुन चपाई, प्र.प्र.अ | प्रकाशक : मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति


## मर्स्याङ्दी गाउँपालिकाको योजना कार्यन्वयन, सेवा प्रवाह र पालिकासँगको समन्वय सम्बन्धी वडागत छलफल कार्यक्रम सम्पन्न ।।।











मिति २०८१ श्रावन महिना १७ गते वडा नं. ८ को कार्यालयबाट सुचारू भएको उक्त कार्यक्रम मिति २०८१ श्रावन महिना २९ मा वडा नं. १ मा सम्पन्न भएको छ। मर्स्याङ्दी गाउँपालिका भित्र रहेका सम्पुर्ण वडा (१-९) का सम्बन्धित वडा अध्यक्ष को अध्यक्षता र मर्स्याङ्दी गाउँपालिका अध्यक्ष श्री अर्जुन गरुङज्यूको अतिथित्वमा आयोजित उपरोक्त कार्यक्रममा पालिका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, कर्मचारीहरु र सम्बन्धित वडाका सम्पूर्ण वडा सदस्य र कार्यरत कर्मचारीहरुको उपस्थितिमा उक्त कार्यक्रम संचालन गरिएको थियो। सो कार्यक्रमले बिशेष गरि गुणस्तरीय सेवा प्रवाह, योजनाहरुको गुणस्तरीयता, जनप्रतिनिधि र कर्मचारीहरूको प्रभावकारी भूमिका र समन्वय, कृयाशिल संघ संस्थाहरु र संजालहरुको प्रभावकारी भूमिका र समन्वय बारे बिस्तृत छलफल गर्दै आ-आफ्नो ठाउँबाट आफ्नो दायित्व र भूमिकालाई प्रभावकारी ढंगबाट निर्वाह गर्ने एउटा संकल्प हामीले गरेका छौं।

यो छलफलबाट वडा अनि पालिकाको त्यतबा त्तगबष्तिथ मा थप सुधार आउने अपेक्षा सहित यहाँहरु सबैको सकृय सहभागिताको लागि हार्दिक धन्यवाद दिन चाहन्छु, अध्यक्ष अर्जुन गुरुङज्यूले बताउनुभयो।










### व्यक्तिगत घटना दर्ता नविकरण सम्बन्धी सूचना ।।।

**२०८१ साल श्रावन १ देखि भाद्र ३१ गते सम्म ।**

मर्स्याङ्दी गाउँपालिका भित्र रहेका सम्पूर्ण वडाहरु (१-९) वाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्दै आउनु भएका लाभग्राहीहरुले यही मिति २०८१ भाद्र मसान्त सम्म आफ्नो सम्बन्धीत वडा कार्यालयहरुमा गएर समयमा नै सामाजिक सुरक्षा भत्ता नविकरण गर्नुहुन हार्दिक अनुरोध गर्दछौं।

मर्स्याङ्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुलभुले, लमजुङ

Website URL : marsyangdimun.gov.np
Facebook URL : https://www.facebook.com/marsyangdirm
Email: marysangdirm@gmail.com / info@marsyangdimun.gov.np